# नेपाल राष्ट्र बैंक उच्च अध्ययन सम्वन्धी कार्यविधि, २०६३

केन्द्रीय बैंकको गरिमामय भूमिकालाई जिम्मेवारीका साथ सम्पन्न गर्न सक्ने मानव संशाधन विकासको लागि बैंकमा विद्यमान जनशक्तिलाई उच्च शिक्षाको अवसर उपलव्ध गराउने सन्दर्भमा नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६२ मा गरिएको अध्ययन काज तथा अध्ययन विदा सम्वन्धी व्यवस्थाहरु सरल र पारदर्शी ढंगबाट व्यवस्थापन तथा कार्यान्वयन गर्ने सम्बन्धमा सोही विनियमावलीको विनियम १७३ ले दिएको अधिकार प्रयोग गरी बैंकले देहाय बमोजिमको कार्यविधिहरु बनाई लागु गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यी कार्यविधिहरुको नाम "नेपाल राष्ट्र बैंक उच्च अध्ययन सम्वन्धी कार्यविधि, २०६३ " रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।✪

२. **परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ख) "विनियमावली" भन्नाले नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६२ सम्झनु पर्छ ।

(ग) "विनियम" भन्नाले विनियमावलीको विनियम सम्झनु पर्छ ।

(घ) "कार्यविधि" भन्नाले नेपाल राष्ट्र बैंक उच्च अध्ययन सम्वन्धी कार्यविधि, २०६३ सम्झनु पर्छ ।

(ङ) "दफा" भन्नाले कार्यविधिको दफा सम्झनु पर्छ ।

(च) "उच्च अध्ययन" भन्नाले विनियमावलीको विनियम ४४ र ९२ मा भएको व्यवस्था अनुरुप स्वदेश वा विदेशमा अध्ययन काज वा अध्ययन विदामा रही गरिने स्नातकोत्तर, एम.फिल वा विद्यावारिधि तहको अध्ययन सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले विनियम १०४ बमोजिम गठन भएको अध्ययन, तालिम मनोनयन समिति सम्झनु पर्छ ।

---

✪ मिति २०६३।११।१३ देखि प्रारम्भ भएको ।

३. **उद्देश्य** :

(१) विनियमावलीले तोकेको विषयहरु अध्ययनको लागि बैंकको आवश्यकता अनुसार उच्च अध्ययन गर्न अध्ययन काजमा मनोनयन गर्ने सुव्यवस्था मिलाउने ।

(२) आफ्नै प्रयासमा स्वदेश वा विदेशमा स्नातकोत्तर वा विद्यावारिधि उपाधि हासिल गर्न अध्ययन गर्न चाहने कर्मचारीहरुलाई विनियमावली अनुसार अध्ययन विदाको व्यवस्था गर्ने ।

(३) बैंक सेवामा कार्यरत कर्मचारीलाई विनियमावली वमोजिम स्वदेश तथा विदेशमा अध्ययन गर्ने प्रयोजनको लागि पत्राचार गर्न, अध्ययन गर्न वा प्राईभेट रुपमा परीक्षा दिन पूर्व स्वीकृति प्रदान गर्न आवश्यक व्यवस्था मिलाउने ।

(४) विनियम ४४ को उपविनियम (१४) बमोजिम अध्ययन काज सम्बन्धी थप व्यवस्था गर्ने ।

## परिच्छेद - २

## अध्ययन काज सम्बन्धी व्यबस्था

४. **अध्ययन काज** : बैंकमा कार्यरत स्थायी कर्मचारीलाई बैंकले आवश्यकता अनुसार विनियमावलीको अनुसूची–१० को परिशिष्ट (क) मा तोकिएका विषय मध्ये आवश्यक विषयमा स्नातकोत्तर, एम.फिल. र विद्यावारिधि अध्ययन गर्न विनियम १०४ वमोजिम गठित अध्ययन, तालिम मनोनयन समितिको सिफारिसमा गभर्नरले बढीमा तीन वर्षको लागि अध्ययन काजमा मनोनयन गर्न सकिनेछ ।

५. **अध्ययन काजको छनौटको लागि आवश्यक योग्यता** : अध्ययन काजको लागि आवश्यक योग्यता देहाय बमोजिम हुनेछः-

(क) बैंकको स्थायी सेवा तीन वर्ष पुगेको र उमेर पैंतालीस वर्ष ननाघेको हुनु पर्नेछ ।

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट तोकिएको विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(ग) सम्बन्धित शिक्षण संस्थाले तोकेको तथा बैंकले सूचनामा तोकेको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(घ) बैंकबाट तीन महिना वा सो भन्दा बढी अवधिको लागि तालिम वा अध्ययनमा विदेश गई फर्केको मितिले दुइ वर्ष पूरा गरेको हुनु पर्नेछ ।

(ङ) कर्मचारीको पछिल्लो दुई वर्षको कार्यसम्पादन मूल्यांकन औसतमा कम्तीमा उत्तम हुनु पर्नेछ ।

(च) बैंकबाट एकपटक अध्ययन काजमा गइसकेको र विशिष्ट श्रेणीका अधिकृतहरु अध्ययन काजको लागि योग्य हुनेछैनन् ।

(छ) अर्थशास्त्र, सूचना प्रविधि तथा कानून विषय अध्ययन गर्न कर्मचारीले Education Testing Service (ETS) बाट लिइने GRE परीक्षामा सम्मिलित भई सोको Valid

Score पेश गर्नु पर्नेछ ।

(ज) व्यवस्थापन विषयमा अध्ययन गर्न ETS बाट लिइने GMAT परीक्षामा सम्मिलित भई सोको Valid Score पेश गर्नु पर्नेछ ।

(झ) नेपाल/भारत अध्ययन काजको लागि छनौट गरिंदा खण्ड (छ) र (ज) मा उल्लेखित प्रावधानको सट्टा कार्यसम्पादन मुल्यांकन, शैक्षिक योग्यता र जेष्ठताको आधारमा गरिनेछ ।

(ञ) कर्मचारीको सेवा अवधि कम्तीमा १० वर्ष बाँकी हुनु पर्नेछ ।

(ट) ETS बाट लिइने GMAT र GRE परीक्षा दिंदा लाग्ने शुल्क कर्मचारी स्वयंले व्यहोर्नु पर्नेछ । छनौटमा परेका कर्मचारीहरुलाई उक्त शुल्क बैंकले सोधभर्ना दिनेछ ।

♦(ठ) अध्ययन काजको लागि निवेदन दिंदा कर्मचारीले अध्ययन गर्न चाहेको विषय, विश्वविद्यालयको स्वीकृतिपत्र तथा अवधि बारेको विवरण निवेदन दिंदाकै बखत खुलेको हुनुपर्नेछ ।

## ६. अध्ययन काजको लागि छनौट प्रक्रिया :

(१) बैंकले स्थायी कर्मचारीहरुलाई अध्ययन काजमा पठाउन विनियमावलीको अनुसूची-१० को परिशिष्ट (क) मा तोकिएका विषयहरुमध्ये आवश्यक विषयमा स्नातकोत्तर, एम.फिल, विद्यावारिधि अध्ययन गर्न स्वदेश र विदेशमा काजमा पठाउने संख्या तोकी कर्मचारीहरुबाट आवेदनका लागि सूचना प्रकाशित गर्नेछ । त्यस्तो सूचना अध्ययन, तालिम समितिको सिफारिशमा गभर्नरबाट स्वीकृत भए बमोजिम प्रकाशित गरिनेछ ।

(२) अध्ययनका लागि पठाइने विश्वविद्यालय वा शिक्षण संस्थाको सूची अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ र उक्त सूची समयसमयमा अद्यावधिक गरिनेछ ।

(३) बैंकले प्रत्येक आर्थिक वर्षमा बैंकलाई आवश्यक विषयमा अध्ययन गर्न देहाय बमोजिम बढिमा ५ जना कर्मचारीहरुलाई अध्ययन काजमा पठाउन सक्नेछ :–

| स्तर | नेपाल / भारत (MPhil / Phd) | अन्य मुलुक तर्फ (post graduate र माथि ) | | | जम्मा |
|---|---|---|---|---|---|
| | | अर्थशास्त्र | व्यवस्थापन | कानुन/सुचना प्रविधि | |
| सहायक स्तर | १ | - | - | - | १ |
| अधिकृत स्तर | १ | १ | १ | १ | ४ |
| जम्मा | २ | १ | १ | १ | ५ |

नोटः कुनै विषयमा तोकिएको कोटामा निवेदन नपरेमा त्यस्तो कोटा अन्य विषयको कोटामा समावेश गर्न सकिनेछ ।

---

♦ प्रथम संशोधनद्वारा थप भएको ।

(४) विदेश अध्ययन काज (नेपाल/भारत बाहेक मुलुक ) को लागि छनौट सम्बन्धित राष्ट्र वा शिक्षण संस्थाको माग अनुरुप आवश्यक पर्ने GRE/GMAT को प्राप्ताङ्कको आधारमा गरिनेछ । यसरी छनौट गरिंदा दफा ५ को खण्ड (छ) र (ज) मा उल्लेखित प्रावधानहरु पुरा गरेको हुनु पर्नेछ ।

(५) नेपाल/भारत अध्ययन काजको लागि छनौट गर्दा दफा ५ को खण्ड (झ) मा उल्लेखित प्रावधानको आधारमा अनुसूची-२ मा व्यवस्था भए अनुसार गणना हुनेछ ।

(६) नेपाल/भारत अध्ययन काजको लागि छनौटका आधारहरुको मूल्यांकन गर्दा अनुसुची-२ बमोजिम उम्मेदवारले प्राप्त गरेको कुल अंकलाई आधारमानी उच्चतम अंक प्राप्त गर्नेलाई छनौट गरिनेछ ।

(७) विद्यावारिधि अध्ययनको लागि सम्बन्धित विश्वविद्यालयबाट Research Proposal स्वीकृत भएको हुनु पर्नेछ ।

(८) अध्ययनमा जाने कर्मचारीले अध्ययन पूरा गरेपछि विनियमावलीको विनियम ४४ को उप-विनियम (८) मा उल्लिखित अवधिसम्म अनिवार्य रुपले बैंकमा सेवा गर्नु पर्नेछ ।

(९) एम.फिल. अध्ययन गर्न अध्ययन काज उपभोग गरिसकेका कर्मचारीले विद्यावारिधि गर्न चाहेमा थप अध्ययन काज प्रदान गरिने छैन ।

## ७. नेपाल र भारतमा अध्ययन काजमा जाने कर्मचारीलाई प्रदान गरिने सुविधाः

(१) नेपाल र भारतका विश्वविद्यालयहरुमा अध्ययन काजमा जाने कर्मचारीहरुलाई देहाय बमोजिमको सुविधा प्रदान गरिनेछ :–

| विवरण | नेपाल | |
|---|---|---|
| | विद्यमान | प्रस्तावित |
| जातेआते भ्रमण खर्च (एकपटक) | - | नियमानुसार |
| अध्ययन शुल्क | लागेको शुल्क | लागेको शुल्क |
| परीक्षा शुल्क | लागेको शुल्क | लागेको शुल्क |
| निर्वाह भत्ता | – | – |
| लुगा भत्ता, मनोरंजन र भैपरी खर्च | – | – |
| पुस्तक,थेसिस आदि खर्च (एकमुष्ठ) | रु.२०,०००।०० | रु.२०,०००।०० |

| विवरण | भारत | | | |
|---|---|---|---|---|
| | दिल्ली, मुम्बई, कलकत्ता, चेन्नाई ( भा.रु.) | | अन्यत्र ( भा.रु.) | |
| | विद्यमान | प्रस्तावित | विद्यमान | प्रस्तावित |
| जातेआते भ्रमण खर्च (एकपटक) | नियमानुसार | नियमानुसार | नियमानुसार | नियमानुसार |
| अध्ययन शुल्क | लागेको शुल्क | लागेको शुल्क | लागेको शुल्क | लागेको शुल्क |
| परीक्षा शुल्क | लागेको शुल्क | लागेको शुल्क | लागेको शुल्क | लागेको शुल्क |
| निर्वाह भत्ता | ८,०००।०० | ८,०००।०० | ६,०००।०० | ६,०००।०० |
| लुगा भत्ता, मनोरंजन र भैपरी खर्च | नियमानुसार | नियमानुसार | नियमानुसार | नियमानुसार |
| पुस्तक,थेसिस आदि खर्च (एकमुष्ठ) | २५,०००।०० | २५,०००।०० | २५,०००।०० | २५,०००।०० |

(२) नेपाल/भारतमा विद्यावारिधि अध्ययन गर्ने कर्मचारीको लागि उपरोक्त सुविधाका अतिरिक्त विश्वविद्यालयको सिफारिशको आधारमा तथ्यांक संकलनका लागि नेपाल वा भारत भित्र अध्ययन अबधिभर एकपटक मात्र भ्रमण अवधि समेत सात दिनको लागि आवश्यकता अनुसार भ्रमण र खाना खर्च प्रदान गर्न सकिनेछ ।

८. **नेपाल र भारत बाहेकका अन्य मुलुकमा अध्ययन काजमा जाने कर्मचारीलाई प्रदान गरिने सुविधा** :

(१) अध्ययनको लागि विदेशस्थित विश्वविद्यालयमा जातेआते एकपटक मात्र नियमानुसारको भ्रमण तथा दैनिक भत्ता प्रदान गरिनेछ । अध्ययन अवधिको बीचमा स्वदेश फर्कनु परेमा बैंकबाट कुनैपनि खर्च प्रदान गरिनेछैन ।

(२) बैंकले अध्ययन अवधिभर विश्वविद्यालयलाई बुझाउनु पर्ने अध्ययन शुल्क वापत अधिकतम अमेरिकन डलर पन्ध्र हजार सम्म मात्र प्रदान गर्नेछ । बैंकले तोकेको उक्त अध्ययन शुल्क भन्दा बढी शुल्क लाग्ने भएमा कर्मचारी आफैले व्यहोर्नुपर्नेछ ।

(३) अध्ययन काजमा जाने कर्मचारीहरुलाई स्वीकृत काज अवधिको लागि मासिक रुपमा निम्नानुसार दरले निर्वाह भत्ता प्रदान गरिनेछ :–

| मुलुक | मासिक निर्वाह भत्ताको रकम | |
|---|---|---|
| | विद्यमान | प्रस्तावित |
| एशिया महादेशका मुलुकहरु | अमेरिकन डलर ४००.०० | अमेरिकन डलर ४००.०० |
| बेलायत (संयुक्त अधिराज्य) | स्टर्लिङ्ग पौण्ड ५५०.०० | स्टर्लिङ्ग पौण्ड ५५०.०० |
| अमेरिका र अमेरिकी महादेशका अन्य विकसित मुलुकहरु | अमेरिकन डलर ६००.०० | अमेरिकन डलर ६००.०० |
| अष्ट्रेलिया | अमेरिकन डलर ६००.०० | अमेरिकन डलर ६००.०० |
| बेलायत बाहेक यूरोप महादेशका अन्य विकसित मुलुकहरु | अमेरिकन डलर ६००.०० | अमेरिकन डलर ६००.०० |

(४) अध्ययन अवधिका लागि पुस्तक, अध्ययन सामग्री, थेसिस आदि खर्च वापत एकमुष्ठ अमेरिकन डलर १५००.०० प्रदान गरिनेछ ।

(५) अध्ययन गर्ने विश्वविद्यालयको नियमानुसार अनिवार्य स्वास्थ्य बीमा तथा अन्य खर्च बैंकले व्यहोर्नेछ । तर, यसबारे आवेदन दिंदाकै बखत नखुलाएमा सो रकम प्रदान गरिने छैन ।

(६) अध्ययन काजको लागि प्रदान गरिने सुविधाहरु बैंकले समय समयमा तोके बमोजिम हुनेछ ।

(७) बैंकको ब्ययभार नपर्ने गरी बैंक मार्फत राष्ट्रिय एवं अन्तराष्ट्रिय संघ/संस्थाको पूर्ण छात्रबृतिमा बिदेश अध्ययन काजमा जाने कर्मचारीलाई त्यस्ता छात्रबृत्तिमा प्रदान हुने मासिक निर्बाह भत्ता बैंकले प्रदान गर्ने निर्वाह भत्ता रकम भन्दा कम भए फरक रकम बैंकले सम्बन्धित कर्मचारीलाई प्रदान गर्नेछ । यस्तो छात्रबृतिमा अध्ययन गर्न जाने कर्मचारीको संख्या बैंकले अध्ययन काजमा पठाउन तोकेको कोटा भित्र समावेश हुनेछैन ।

◆९. **<u>अध्ययन काजमा जाने कर्मचारीले कबुलियत गर्नु पर्ने :</u>** अध्ययन काजमा विदेश अध्ययन गर्न जाने कर्मचारीले विनियमावलीको अनुसूची-१० को परिशिष्ट (ख) मा तोकिए बमोजिम कबुलियत गर्नुपर्नेछ साथै घरजग्गा सापटी उपभोग नगरेका र बैंकको नाममा घरजग्गा रोक्का नभएका कर्मचारीले अध्ययन काजमा जान अनुसूची-५ बमोजिमको कबुलियतनामा समेत गर्नुपर्नेछ । स्वदेश अध्ययन काजमा जाने कर्मचारीले <u>अनुसूची-३</u> बमोजिमको कवुलियत गर्नु पर्नेछ । त्यस्तो कबुलियतको शर्त पालना गर्नु सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ ।

---

◆ प्रथम संशोधनद्वारा संशोधित ।

## परिच्छेद - ३

## अध्ययन विदा सम्बन्धी व्यबस्था

१०. **अध्ययन बिदा** : बैंकमा कार्यरत स्थायी कर्मचारीलाई बैंकले आवश्यकता अनुसार नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६२ को विनियम ९२ मा भएको अध्ययन बिदा सम्बन्धी व्यवस्थाको कार्यान्वयनको लागि सोको अनुसूची–१० को परिशिष्ट (क) मा तोकिएका विषयहरुमध्ये बैंकलाई आवश्यक विषयमा स्नातकोत्तर, एम.फिल. र विद्यावारिधि अध्ययन गर्न सोही विनियमावलीको विनियम १०४ वमोजिम गठित अध्ययन, तालिम मनोनयन समितिको सिफारिसमा गभर्नरले मनोनयन गर्न सक्नेछ ।

११. **अध्ययन बिदाको छनौटको लागि आवश्यक योग्यता :**

(१) अध्ययन विदाको छनौटको लागि आवश्यक योग्यता देहाय बमोजिम हुनेछः-

(क) बैंकको स्थायी सेवा तीन वर्ष पुगेको र उमेर पैंतालीस वर्ष ननाघेको ।

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट तोकिएको विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको ।

(ग) सम्बन्धित शिक्षण संस्थाले तोकेको वा बैंकले सूचनामा तोकेको परीक्षा उत्तीर्ण गरेको ।

(घ) बैंकबाट तीन महिना वा सो भन्दा बढी अवधिको लागि तालिम वा अध्ययनमा विदेश गई फर्केको मितिले दुई वर्ष पूरा गरेको ।

(ङ) कर्मचारीको पछिल्लो दुई वर्षको कार्यसम्पादन मूल्यांकन औसतमा कम्तीमा उत्तम रहेको ।

◆(च) नेपाल/भारतमा अध्ययन बिदाको लागि छनौट गर्दा कर्मचारीको कार्य-सम्पादन मूल्यांकन, शैक्षिक योग्यता र जेष्ठताको आधारमा गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बैंकको स्थायी सेवामा रहेका कर्मचारीहरुले बैंकको पूर्व स्वीकृति लिई विदेशस्थित विश्वविद्यालयबाट स्नातकोत्तर वा विद्यावारिधिको उपाधि हासिल गर्न बैंकले तोकेको विषयमा छात्रवृत्ति पाई अध्ययन गर्न इच्छुक भएमा त्यस्तो कर्मचारीलाई निजको परीक्षणकाल समाप्त भएको भएमा बढीमा तीन वर्षको अध्ययन बिदा दिन सकिनेछ ।

तर, यस्तो अध्ययन बिदा एकपटक लिए पछि पुनः लिन पाइने छैन ।

(३) विशिष्ट श्रेणीका अधिकृतहरु अध्ययन बिदाको लागि योग्य हुने छैनन्

---

◆ प्रथम संशोधनद्वारा थप भएको ।

## १२. अध्ययन बिदाको लागि छनौट प्रक्रिया :

(१) बैंकले प्रत्येक वर्ष बैंकलाई आवश्यक पर्ने बिषयमा अध्ययन गर्न विनियमावलीको अनुसूची-१० को परिशिष्ट (क) मा तोकिएका विषयहरुमा निम्न तालिका बमोजिम बढिमा १० जना कर्मचारीहरुलाई अध्ययन बिदा दिन सक्नेछ ।

तर, कुनै स्वदेशी/विदेशी संघ, संस्था, निकाय, विश्वविद्यालय आदिबाट पाउने पूर्ण छात्रवृत्तिमा भने यो कोटा लाग्ने छैन । यसरी अध्ययन बिदा (नेपाल/भारत बाहेक) दिंदा बैंकले अध्ययनको लागि पूर्व-स्वीकृति लिएका कर्मचारीहरुमध्येबाट TOEFL score को आधारमा छनौट गर्नेछ ।

| स्तर | नेपाल/भारत (MPhil / Phd) | अन्य मुलुक तर्फ (post graduate र माथि ) | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | अर्थशास्त्र | व्यवस्थापन | कानून | सुचना प्रविधि | |
| सहायक स्तर | २ | - | - | - | - | २ |
| अधिकृत स्तर | २ | २ | २ | १ | १ | ८ |
| जम्मा | ४ | २ | २ | १ | १ | १० |

◆(२) नेपाल/भारतमा अध्ययन बिदाको लागि छनौट गर्दा दफा ११ को उपदफा (१) को खण्ड (च) मा उल्लेखित प्रावधानको आधारमा अनुसूची-२ मा व्यवस्था भए अनुसार गणना हुनेछ र यसै बमोजिम उम्मेदवारले प्राप्त गरेको कुल अंकलाई आधारमानी उच्चतम अंक प्राप्त गर्नेलाई छनौट गरिनेछ ।

(३) अध्ययन गर्न जान चाहने कर्मचारीले विनियमावलीको अनुसूची-१० को परिशिष्ट (क) मा तोकिएका विषयहरुमा बैंकले तोकेको विश्वविद्यालय वा शिक्षण संस्थासंग पत्राचार गर्नको लागि विनियमावलीको विनियम १६६ को उप-विनियम (१) बमोजिम बैंकबाट पूर्व-स्वीकृति लिन निवेदन पेश गर्नु पर्नेछ ।

(४) यसरी पेश भएको निवेदन उपर कार्यवाही गरी बैंकले पूर्व स्वीकृति दिने/नदिने निर्णय गर्नेछ ।

(५) बैंकले अध्ययन बिदाको लागि सूचना प्रकाशित गरी निबेदन आव्हान गर्ने छ ।

(६) पूर्व-स्वीकृति लिएका कर्मचारीले निर्धारित समयभित्र Valid TOEFL Score सहित निबेदन पेश गर्नु पर्नेछ । यसरी पेश भएको निवेदनउपर कार्यवाही गरी बैंकले अध्ययन बिदा स्वीकृति गर्ने/नगर्ने निर्णय गर्नेछ । तर, बैंकले अध्ययन गर्न पूर्व-स्वीकृति दिएका सबै कर्मचारीहरुलाई अध्ययन बिदा दिन बैंक बाध्य हुने छैन ।

(७) अध्ययन बिदाको लागि निवेदन दिंदा कर्मचारीले कार्यरत विभागबाट विभागीय स्वीकृति पनि निवेदन साथै पेश गर्नु पर्नेछ ।

---

◆ प्रथम संशोधनद्वारा थप भएको ।

(८) अध्ययन बिदाको लागि निवेदन दिँदा कर्मचारीले अध्ययन गर्न चाहेको विषय, विश्वविद्यालयको स्वीकृतिपत्र, तथा अवधि बारेको विवरण निवेदन दिंदाकै बखत खुलेको हुनुपर्नेछ।

(९) विद्यावारिधि अध्ययनको लागि सम्बन्धित विश्वविद्यालयबाट Research Proposal स्वीकृत भएको हुनु पर्नेछ ।

(१०) अध्ययनका लागि स्वीकृति दिइने विश्वविद्यालय वा शिक्षण संस्थाको सूची बैंकले निर्धारण गरे बमोजिम हुनेछ र उक्त सूची समयसमयमा अद्यावधिक गरिनेछ ।

(११) अध्ययनमा जाने कर्मचारीले अध्ययन शुरु भएपछि हुने प्रत्येक परीक्षाको प्रगति विवरण तथा विश्वविद्यालयमा अध्ययनरत रहेको विवरण प्राप्त भएको १ महिना भित्र बैंकलाई उपलब्ध गराउनु पर्नेछ ।

(१२) अध्ययनमा जाने कर्मचारीले अध्ययन पूरा गरेपछि विनियमावलीको विनियम ४४ को उप-विनियम (८) मा उल्लिखित अवधिसम्म अनिवार्य रुपले बैंकमा सेवा गर्नु पर्नेछ ।

(१३) अध्ययनमा जाने कर्मचारीले बैंकको स्वीकृति नलिई बिचैमा अध्ययन छोडेमा वा स्वीकृत विषय बाहेक अन्य विषय परिवर्तन गरी अध्ययन गरेमा वा अध्ययन पूरा गरी बैंक सेवामा नरहेमा वा निर्धारित अनिवार्य सेवा पुरा नगरी बिचैमा सेवा छाडेमा विनियमावलीको अनुसूची-१० को परिशिष्ट (ग) मा तोकिएको कबुलियतनामा बमोजिमको रकम बैंकलाई बुझाउनु पर्नेछ ।

**१३. अध्ययन बिदामा जाने कर्मचारीलाई प्रदान गरिने सुविधा :**

(१) अध्ययन बिदामा जाने कर्मचारीलाई मासिक तलब बाहेक अन्य भत्ता, सुविधा र बिदा दिइने छैन ।

(२) अध्ययन बिदामा बसेको कर्मचारीलाई निजको कर्मचारी अवकाश कोष खातामा रहेको रकमको जमानतमा (दोहोरो जमानत नहुने गरी) निर्व्याजी सापटी प्रदान गर्न सकिने छ । यसरी सापटी प्रदान गर्दा निज कर्मचारीले दफा १५ अनुसार एयर मार्क गरेको भए सो रकमको सीमा भित्र भए सापटी प्रदान गरिने छैन ।

**♦१४. अध्ययन बिदामा जाने कर्मचारीले कबुलियत गर्नुपर्ने :**

अध्ययन बिदामा विदेश अध्ययन गर्न जाने कर्मचारीले विनियमावलीको अनुसूची-१० को परिशिष्ट (ग) मा तोकिए बमोजिम कबुलियत गर्नुपर्नेछ र साथै घरजग्गा सापटी उपभोग नगरेका र बैंकको नाममा घरजग्गा रोक्का नभएका कर्मचारीले अध्ययन बिदामा जान अनुसूची-६ बमोजिमको कबुलियतनामा समेत गर्नुपर्नेछ । स्वदेशमा अध्ययन गर्न अध्ययन विदामा जानेले अनुसूची-४ मा तोकिएको ढाँचा बमोजिमको कवुलियत गर्नुपर्नेछ । त्यस्तो कबुलियतको शर्त पालना गर्नु सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ ।

---

♦ प्रथम संशोधनद्वारा संशोधित ।

## परिच्छेद - ४

## विविध

१५. **घरजग्गा सापटी उपभोग नगरेका र बैंकको नाममा घरजग्गा रोक्का नभएका कर्मचारी अध्ययन काज/बिदामा जाने सम्बन्धी ब्यबस्था :**
बैंकबाट घरजग्गा सापटी उपभोग नगरेका र बैंकको नाममा घरजग्गा रोक्का नभएका कर्मचारीले अध्ययन काज/बिदामा जाँदा अध्ययन अवधिभरको लागि आफ्नो पदको अन्तिम स्केलको हिसावले हुने तलब बराबरको रकम आफ्नो संचित अवकाश कोष तथा औषधोपचार कोषको रकमबाट जमानतको रुपमा एयर मार्क गराई बैंकमा राख्नु पर्नेछ । यदि उक्त कोषहरुमा जम्मा भएको रकम जमानत राख्न नपुग भएमा निजले आफ्नो नाममा वा हक रहने/रहेको घर जग्गा बैंकलाई धितो पारित गर्नुपर्नेछ । यस्तो घरजग्गा मान्यता प्राप्त मूल्याङ्कनकर्ता बाट मूल्याङ्कन गरिएको हुनुपर्नेछ र उक्त मूल्य अध्ययन काज/बिदामा जाने कर्मचारीको पदको अन्तिम स्केलले स्वीकृत अबधिभरको लागि हुन आउने कुल तलब भन्दा कम हुनुहुँदैन । यो व्यवस्था अध्ययन काज तथा अध्ययन बिदा दुबैमा लागू हुनेछ ।

१६. **दोहऱ्याएर अध्ययन काज तथा अध्ययन विदा नपाउने :** कर्मचारीले सेवा अवधि भरमा अध्ययन काज र अध्ययन विदा एक/एक पटक मात्र पाउन सक्नेछ ।

१७. **हाजिर नभएमा स्वतः अवकाश हुने :**

(१) अध्ययन काज र अध्ययन बिदामा अध्ययन गर्न गएको कर्मचारी स्वीकृत काज वा बिदा समाप्त भएको मितिले तीस दिनभित्र बैंकमा हाजिर नभएमा त्यस्तो कर्मचारी सेवाबाट स्वतः अवकाश भएको मानिनेछ ।

(२) स्वतः अवकाश हुने कर्मचारीसंग बैंकले लिनुपर्ने रकम निजको संचित रकमबाट कट्टा गरी लिइनेछ । यसरी बैंकको लेना सम्बन्धित कर्मचारीको संचित रकमबाट कट्टा गरी लिंदा नपुग हुन आएमा प्रचलित कानून बमोजिम त्यस्तो रकम असुल उपर गरिनेछ ।

१८. **अध्ययन गर्न पूर्व स्वीकृति लिनु पर्नेः** विनियमावलीको विनियम १६६ मा बैंकको सेवामा कार्यरत कर्मचारीले स्वदेश वा विदेशमा अध्ययन गर्ने प्रयोजनको लागि पत्राचार गर्न वा अध्ययन गर्न वा प्राईभेट रुपमा परीक्षा दिन बैंकको पूर्व स्वीकृति लिनु पर्ने व्यवस्था भए वमोजिम पूर्व स्वीकृति लिने/दिने सम्वन्धमा देहाय वमोजिमको कार्यविधि अपनाइने छ :–

(क) स्वदेश वा विदेशमा अध्ययन गर्ने प्रयोजनको लागि पत्राचार गर्ने, अध्ययन गर्ने तथा प्राइभेट रुपमा परीक्षा दिने कर्मचारीले आफ्नो प्रयोजन समेत खोलि पूर्व स्वीकृतिको लागी जनशक्ति व्यवस्थापन विभागमा आवेदन दिनु पर्नेछ ।

(ख) विनियमावली लागु हुनु पूर्व पत्राचार गर्ने, अध्ययन गर्ने वा प्राईभेट रुपमा परीक्षा दिने कर्मचारीले समेत पूर्व स्वीकृति लिने प्रयोजनको लागि खण्ड (क) बमोजिम आवेदन दिनु पर्नेछ ।

(ग) पूर्व स्वीकृतिको लागि आवेदन दिने कर्मचारीले विश्वविद्यालय वा शिक्षण संस्थाको नाम, अध्ययन गर्ने वा परीक्षा दिने विषय, दस्तुर, अध्ययन गर्दा कार्यालयको काममा वाधा पर्ने/नपर्ने, अध्ययनको लागि आफ्नो संचित विदा प्रयोग गर्ने सम्बन्धित जानकारी आफ्नो निवेदनमा अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

(घ) स्वदेश वा विदेश स्थित विश्वविद्यालय वा शिक्षण संस्था वा विदेशी बोर्डको परीक्षा दिन तथा अध्ययनको लागि पत्राचार गर्नेको हकमा कार्यकारी निर्देशक, जनशक्ति व्यवस्थापन विभागबाट पूर्व स्वीकृति प्रदान गरिनेछ ।

(ङ) स्वदेश तथा विदेशको विश्वविद्यालय वा शिक्षण संस्थामा कर्मचारीले आफ्नो संचित विदा उपभोग गर्ने गरी अध्ययन गर्नेको हकमा अध्ययन, तालिम मनोनयन समितिको सिफारिसमा पूर्व स्वीकृति प्रदान गरिनेछ ।

(च) अन्य व्यवस्था विनियमावली बमोजिम हुनेछ ।

१९. **कार्यविधिमा संशोधन :** बैंकले आवश्यकता अनुसार अध्ययन, तालिम मनोनयन समितिको सिफारिशमा यो कार्यविधिमा संशोधन एवं परिमार्जन गर्न सक्नेछ ।

२०. **वाझिएमा स्वतः वदर हुने:** यस कार्यविधिमा गरिएको व्यवस्था बैंकको कर्मचारी सेवा विनियमावली, २०६२ सँग वाझिन गएमा उक्त व्यवस्था बाझिएको हदसम्म स्वतः बदर हुनेछ ।

२१. **वाधा अडकाउ फुकाउने:** यस कार्यविधिमा उल्लेखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा सो सम्बन्धमा अध्ययन, तालिम मनोनयन समितिको सिफारिशमा गभर्नरले व्याख्या गरी वाधा अड्काउ फुकाउनेछ ।

२२. **खारेजी र वचाउः**

(१) यस अघि लागू भएको उच्च अध्ययन निर्देशिका , २०५८ तथा स्वदेशको विश्वविद्यालयहरुमा अध्ययन गर्न मिति २०६१।५।३० र मिति २०६३।१।१३ मा भएको व्यवस्था सम्बन्धी परिपत्रहरुका साथै यस अघि विभिन्न मितिमा निर्णय भएका अध्ययन सम्बन्धी सबै ब्यवस्थाहरु खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज भएको निर्देशिका तथा अन्य व्यवस्था एवं निर्णयहरु बमोजिम भए गरेको सम्पूर्ण कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनूसुचि – १

(दफा ६(२) संग सम्बन्धित)

## अध्ययनका लागि पठाइने विश्वविद्यालय वा शिक्षण संस्थाको सूची

| S.No. | University | Country |
|---|---|---|
| 1 | Australian National University | Australia |
| 2 | Griffith University | Australia |
| 3 | Macquarie University | Australia |
| 4 | Monash Universtiy | Australia |
| 5 | University of Adelaida | Australia |
| 6 | University of Melbourne | Australia |
| 7 | University of Qeensland | Australia |
| 8 | University of Sydney | Australia |
| 9 | University of Western Australia | Australia |
| 10 | University of Wollongong | Australia |
| 11 | University of Dhaka | Bangladesh |
| 12 | Beijing University | China |
| 13 | University of Hong Kong | China (Hong Kong) |
| 14 | University of Helsinki | Finland |
| 15 | University Goettingen | Germany |
| 16 | Indian Institute of Technology, Delhi | India |
| 17 | Jamia Millia Islamia | India |
| 18 | Jawaharlal Nehru University | India |
| 19 | The Maharaja Sayajirao University of Baroda | India |
| 20 | University of Delhi | India |
| 21 | Hokkaido University | Japan |
| 22 | International University of Japan | Japan |
| 23 | Keio University | Japan |
| 24 | Kyoto University | Japan |
| 25 | Nagoya University | Japan |
| 26 | National graduate institute for policy studies | Japan |
| 27 | Osaka University | Japan |
| 28 | Ritsumeikan University | Japan |
| 29 | Saitama University | Japan |

| | | |
|---|---|---|
| 30 | University of Tokyo | Japan |
| 31 | University of Canterbury | New Zealand |
| 32 | University of Otago | New Zealand |
| 33 | University of Auckland | New Zealand |
| 34 | University Oslo | Norway |
| 35 | Lahore University of Management Sciences | Pakistan |
| 36 | Asian Institute of Management | Philippines |
| 37 | Ateneo de Manila | Philippines |
| 38 | De La Salle University | Philippines |
| 39 | University of Santo Tomas | Philippines |
| 40 | University of the Philippines | Philippines |
| 41 | University of the Philippines | Philippines |
| 42 | National University of Singapore | Singapore |
| 43 | University of Colombo | Sri Lanka |
| 44 | University Basel | Switzerland |
| 45 | Asian Institute of Technology | Thailand |
| 46 | Chaulalongkom University | Thailand |
| 47 | Chiang Mai University | Thailand |
| 48 | Mahidol University | Thailand |
| 49 | Prince of Songkta Universtiy | Thailand |
| 50 | Thammasat University | Thailand |
| 51 | Brunel University | United Kingdom |
| 52 | University of Birmingham | United Kingdom |
| 53 | University of Bradford | United Kingdom |
| 54 | University of Cambridge | United Kingdom |
| 55 | University of Edinburgh | United Kingdom |
| 56 | University of Glasgow | United Kingdom |
| 57 | University of Manchester | United Kingdom |
| 58 | University of New South Wales | ♦Australia |
| 59 | University of Reading | United Kingdom |
| 60 | University of Southampton | United Kingdom |
| 61 | University of Strathdyde | United Kingdom |
| | ♦ प्रथम संशोधनद्वारा संशोधित । | |

| | | |
|---|---|---|
| 62 | University of Wales, Swansea | United Kingdom |
| 63 | University of York | United Kingdom |
| 64 | Victoria University of Wellington | United Kingdom |
| 65 | Arizona State University | USA |
| 66 | Auburn University | USA |
| 67 | Boise State University | USA |
| 68 | Boston University | USA |
| 69 | California State University | USA |
| 70 | Carison School of Management | USA |
| 71 | Claremont Graduate University | USA |
| 72 | Cleveland State University | USA |
| 73 | Colorado State University | USA |
| 74 | Florida Institute of Technology | USA |
| 75 | Florida State ;University | USA |
| 76 | Harvard University | USA |
| 77 | Louisiana Tech University | USA |
| 78 | Mantana State University | USA |
| 79 | Massachusetts Institute of Technology (MIT) | USA |
| 80 | Michigan State University | USA |
| 81 | Mississppi State University | USA |
| 82 | Ohio State University | USA |
| 83 | Oklahoma State University | USA |
| 84 | Oregon State University | USA |
| 85 | Pennsylvania State University | USA |
| 86 | Portland State University | USA |
| 87 | San Diego State University | USA |
| 88 | San Francisco State University | USA |
| 89 | Southwest Texas State University | USA |
| 90 | Stanford University | USA |
| 91 | Sunny Albany | USA |
| 92 | Texas A&M University | USA |
| 93 | Texas A&M University | USA |
| 94 | Texas Tech University | USA |

| | | |
|---|---|---|
| 95 | University Connecticut | USA |
| 96 | University of Alabama | USA |
| 97 | University of Baltimore | USA |
| 98 | University of California | USA |
| 99 | University of Cincinnati | USA |
| 100 | University of Colorado | USA |
| 101 | University of Delaware | USA |
| 102 | University of Denver | USA |
| 103 | University of Floriad | USA |
| 104 | University of Georgia | USA |
| 105 | University of Hawaii | USA |
| 106 | University of Houston | USA |
| 107 | University of Illinois at Chicago | USA |
| 108 | University of Illinois at Urbana-Champaign | USA |
| 109 | University of Kansas | USA |
| 110 | University of Kentucky | USA |
| 111 | University of Iowa | USA |
| 112 | University of Maine | USA |
| 113 | University of Maryland | USA |
| 114 | University of Massachusetts | USA |
| 115 | University of Memphis | USA |
| 116 | University of Miami | USA |
| 117 | University of Michigan | USA |
| 118 | University of Minnesota | USA |
| 119 | University of Mississippi | USA |
| 120 | University of Missouri at Kansas City | USA |
| 121 | University of Missouri at St. Louis School of Business Administration | USA |
| 122 | University of Nebraska at Omaha | USA |
| 123 | University of Nebraska-Lincoln | USA |
| 124 | University of New Mexico | USA |
| 125 | University of New Orleans | USA |
| 126 | University of North Carolina at Chapel Hill | USA |
| 127 | University of North Carolina at Charlotte | USA |

| | | |
|---|---|---|
| 128 | University of North Carolina at Wilmington | USA |
| 129 | University of Oklahoma | USA |
| 130 | University of Oregon | USA |
| 131 | University of Pennsylvania | USA |
| 132 | University of Pittsburgh | USA |
| 133 | University of Portland | USA |
| 134 | University of Richmond | USA |
| 135 | University of San Francisco | USA |
| 136 | University of South Carolina | USA |
| 137 | University of South Dakota | USA |
| 138 | University of South Florida | USA |
| 139 | University of Southern California | USA |
| 140 | University of Tennessee, Knoxville | USA |
| 141 | University of Texas at Austin | USA |
| 142 | University of Texas at Dallas | USA |
| 143 | University of Utah | USA |
| 144 | University of Virginia | USA |
| 145 | University of Wisconsin, Madison | USA |
| 146 | University of Wisconsin, Milwaukee | USA |
| 147 | University of Wisconsin, Whitewater | USA |
| 148 | Universtiy of Arizona | USA |
| 149 | Virginia Tech University | USA |
| 150 | Washington State University | USA |
| 151 | Washington University | USA |
| 152 | Wayne State University | USA |
| 153 | West Virginia University | USA |
| 154 | Yale University | USA |
| 155 | York University | USA |
| 156 | Maastircht School of Management ♦ | Netherlands |

♦ प्रथम संशोधनद्वारा थप भएको ।

## अनूसुची - २

(दफा ६ को उपदफा (५) र (६) तथा दफा १२ को उपदफा (२) संग सम्बन्धित)

### ♦ नेपाल/भारतमा अध्ययन काज/बिदाको लागि छनौटका आधारहरु

| | छनौटका आधार | भाराङ्क |
|---|---|---|
| (क) | शैक्षिक योग्यता प्राप्ताङ्क प्रतिशत | ५० |
| (ख) | कार्य सम्पादन मुल्याङ्कन | २५ |
| (ग) | जेष्ठता | २५ |

| | | अङ्क |
|---|---|---|
| (क) | शैक्षिक योग्यता प्राप्ताङ्क प्रतिशत : (१) प्रथम श्रेणी वा माथि | १०० |
| | (२) द्वितीय श्रेणी | ७५ |
| (ख) | कार्य सम्पादन मुल्याङ्कन : (१) उत्तम भन्दा माथि | १०० |
| | (२) उत्तम | ७५ |
| (ग) | जेष्ठता : (१) ३ देखि ५ वर्षसम्म स्थायी कर्मचारी | ५० |
| | (२) ५ देखि ७ वर्षसम्म स्थायी कर्मचारी | ७५ |
| | (३) ७ वर्ष भन्दा माथि स्थायी कर्मचारी | १०० |

---

♦ प्रथम संशोधनद्वारा संशोधित ।

## अनूसुची – ३

(दफा ९ संग सम्बन्धित)

**अध्ययन काजमा स्वदेशमा अध्ययन गर्न जाने कर्मचारीले गर्ने कबुलियतनामा**

